**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- **प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहार र उत्तर प्रदेशका लागि 96 हजार करोड़ रूपियाँ भन्दा बढीका कैयन परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नु हुने छ।**

- **केन्द्रीय गृहमंत्री अमित शाह दुई दिने जम्मू कश्मीरको भ्रमणमा हुनु हुन्छ। हिजो राति आगामी अमरनाथ यात्रको सुरक्षालाई लिएर एक उच्च स्तरिय बैठक गर्नु भयो।**

- **विदेशमंत्री एस.जयशंकरले भारत तथा न्युजील्याण्ड बीच द्वीपक्षीय संबंध बलियो हुन्दै गएको बताउनु भएको छ।**

- मौसम विभागले आज पश्चिम बंगाल, बिहार उड़िसा, तमिलनाडू आदि क्षेत्रमा ठूलो पानि पर्ने अनुमान व्यक्त गरेको छ।

- आईपीएलमा आज एलिमिनेटर राउण्डमा मुम्बई इण्डियन्सको मूकाबिला गुजरात टाइचनीक सित हुने छ। रोयल च्यालेन्जर्स बेंगालुरू फाइनलमा प्रवेश गरेको छ।

**प्रधानमंत्री-सम्पन्न कृषि संकल्प अभियान**

प्रधानमंत्री नरेन्द्र मोदीले भारतलाई विकसित राष्ट्र बनाउने दिशामा एउटा महत्वपूर्ण कदम चालेको छ जसमा देशको कृषि क्षेत्रलाई विकसित गरिने कुरा माथि बल दिइएको छ। ओडिशामा कृषि संकल्प अभियानको शुभारंभको बेला एक वीडियो संदेशमा श्री मोदीले भन्नु भयो - केंद्र सरकारले किसानहरूको उपजको उचित मूल्य सुनिश्चित गर्न तथा कृषि अर्थव्यवस्थालाई बलियो गर्ने दिशामा काम गरि रहेको छ। उहाँले कृषि क्षेत्रलाई आधुनिक बनाउनका लागि सरकारका प्रयासहरूको उल्लेख गर्दै कृषि क्षेत्रको उन्नतिका लागि विज्ञान तथा प्रौद्योगिकीको लाभ उठाउने कुरा माथि जोर दिनु भएको छ।

**जम्मू कश्मीर-अमितशाह**

गृहमंत्री अमित शाहले हिजो राति जम्मू कश्मीरमा सुरक्षा स्थितिको समीक्षा गर्नु भयो। बैठकमा तीन जुलाई देखि शुरू हुन गइरहेको श्री अमरनाथ जी यात्राको तैयारिहरूको समीक्षा गर्नु भयो। बैठकमा उपराज्यपाल मनोज सिन्हा, थल सेना प्रमुख उपेन्द्र दिवेदी, गृह सचिव गोविन्द मोहन र जम्मू कश्मीरका मुख्य सचिव अटल दुल्लु पनि उपस्थित थिए। गृहमंत्री श्री शाह पुंछमा पाकिस्तानी गोलीबारीका पीडितहरूसित आज भेट गर्नु हुने छ। उहाँले सिंह सभा गुरूद्वारा तथा अन्य क्षतिग्रस्त धार्मिक स्थलहरूको पनि भ्रमण गर्नु हुने छ।। पछि उहाँले अधिकारिहरूसित एउटा महत्वपूर्ण बैठक गर्नु हुने छ। श्री शाहले पुंछमा सीमा सुरक्षा बलका जवानहरूसित पनि भेटेर चर्चा गर्नु हुने छ।

**बीजेपी-टीएमसी**

भारतीय जनता पार्टीले ऑपरेशन सिंदूरलाई बढी महत्व न दिनका लागि तृणमूल कांग्रेसको कडा आलोचना गरेको छ। पार्टी प्रवक्ता शहजाद पूनावालाले हिजो नयाँ दिल्लीमा ऑपरेशन सिंदूरबारे पश्चिम बंगालका मंत्री उदयन गुहाको टिप्पणीको कड़ा

आलोचना गर्दै तृणमूल कांग्रेसमाथि भारतीय सैनिकहरू तथा देशवासिहरूको अपमान गरेको आरोप लगाउनु भयो। गुहाको टिप्पणीलाई अपमानजनक बताउँदै पूनावालाले भन्नु भयो सारा देश ऑपरेशन सिंदूरका लागि सुरक्षा बलहरू प्रति आभार व्यक्त गरि रहेको बेला टीएमसी सांसदको टिप्पणी लाजमर्दो हो।

**जयशंकर.न्यूजीलैंड विदेश मंत्री**

भारत अनि न्यूजीलैंड बीच विभिन्न क्षेत्रहरुमा संबंधहरु बलियो भएको विदेश मंत्री डॉ. सुब्रह्मण्यम जयशंकरले भन्नु भएको छ। वहाँले हिज नया दिल्लीमा न्यूजीलैंडको उप प्रधानमंत्री अनि विदेश मंत्री विंस्टन पीटर्स सित बैठकमा उक्त कुरा भन्नु भएको हो। डॉक्टर जयशंकरले न्यूजीलैंडको प्रधानमंत्री क्रिस्टोफर लक्सनको हालैको सफल भारत यात्राको पनि उल्लेख गर्नु भयो। यो यात्रा द्वारा दुवै देशले मुक्त व्यापार समझौतमा बातचीत अनि धेरै समझौतामा हस्ताक्षर गरेको पनि बताउनु भयो। दुवै देश उक्त यात्राको लक्ष्यलाई सफल बनाउन काम गरिरहेको डॉ. जयशंकरले भन्नु भयो।

श्री पीटर्स दुई दिवसीय यात्रामा हिज अपरान्ह नया दिल्ली आइ पुग्नुभयो। विदेश मंत्रालयको प्रवक्ता रणधीर जायसवालले एक सोशल मीडिया पोस्टमा भन्नु भयो वहांको यो यात्रा भारत अनि न्यूजीलैंड बीच उच्च स्तरीय आदान.प्रदान हुनेछ। यसले दुवै देश बीच मैत्रीपूर्ण संबंध बलियो हुनेछ। श्री पीटर्सको स्वास्थ्य अनि परिवार कल्याण मंत्री जगत प्राकश नड्डा सित पनि भेट्ने कार्यक्रम रहेको जानकारी प्राप्त भएको छ।

**दोस्रो नागरिक रक्षा अभ्यास**

गृह मन्त्रालयले यस महिनाको अन्त्यमा देशको पश्चिमी सिमानामा रहेका राज्य र केन्द्र शासित प्रदेशका सबै जिल्लाहरूमा दोस्रो नागरिक रक्षा अभ्यास अपरेशन शिल्ड सञ्चालन गर्नेछ। यो अभ्यास शत्रुबाट हुने आक्रमण विरुद्ध नागरिक सुरक्षाको निम्ति सञ्चालन गरिएको हो। अपरेशन शिल्डको क्रममा, विभिन्न सुरक्षा प्रणालीहरूको अभ्यास गरिनेछ। यसमा शत्रुको विमानबाट हवाई आक्रमण, ड्रोन र मिसाइलहरू, वायुसेना र नागरिक रक्षा नियन्त्रण कक्षहरूको बीच हटलाइनहरूलाई सक्रिय बनाउन रहेको छ।

**विशेष फिचर. परमवीर चक्र**

अपरेशन सिंदूरको सफलताको बीच, राष्ट्रले भारतीय सैनिकहरुको वीरतालाई नमन गरिरहेको छ। आकाशवाणी समाचारले सशस्त्र बलहरुका लागि श्रद्धांजलि स्वरूप, एक विशेष श्रृंखला प्रसारित गरिरहेको छ। आज हामी परमवीर चक्र विजेता क्यापटन गुरबचन सिंह सलारियालाई स्मरण गरिरहेका छौं, जो भारतबाट कंगोमा संयुक्त राष्ट्र शान्ति सेनाको हिस्सा थिए र १९६१ मा कंगोमा गृहयुद्ध जस्तो परिस्थितिमा सर्वोच्च बलिदान दिएका थिए।

**गोवा-राजनाथ**

रक्षा मंत्री राजनाथ सिंहले ऑपरेशन सिंदूरमा सक्रिय भागीदारीका लागि भारतीय महिलाहरूको प्रशंसा गर्नु भेको छ। गोवामा नविका सागर पारिक्रमा द्वितीयको दोस्रो चरणका लागि आईएनएस तारिणीलाई ध्वज प्रदान गर्ने समारोहलाई संबोधित गर्दै श्री सिंहले भन्नु भयो महिला पायलटहरूले ऑपरेशन सिन्दूरको बेला वायु सेनाका हमलाहरूमा महत्वपूर्ण योगदान दिए। श्री सिंहले कमांडरहरूलाई समुद्रमा 238 दिन बिताउन अनि 47 हजार किलोमीटर भन्दा लामो यात्रा गर्ने असाधारण उपलब्धिका लागि कमांडरहरूको प्रशंसा गर्नु भयो। उहाँले अझ भन्नु भयो राष्ट्रलाई कमाण्डरहरूको उपलब्धि माथि गर्व छ।

**प्रसार भारती - शब्द**

प्रसार भारती-प्रसारण तथा प्रसारका लागि साझा ऑडियो-विजुअल, पीबी शब्दले यूट्यूबर्स, पॉडकास्टर्स र वीडियो संपादकहरूलाई निःशुल्क सेवा प्रदान गर्ने उद्देश्यले पंजीकरण गर्नका लागि आमंत्रित गरेको छ। पीबी शब्द कॉपीराइट-मुक्त, प्रामाणिक र उपयोगमा सुरक्षित सामग्रीका लागि एक उत्कृष्ट स्रोत हो। पीबी शब्द यूट्यूबर्स र क्रिएटर्सका लागि बिना कुनै भुगतानको निःशुल्क, प्रामाणिक मीडिया सामग्री प्रदान गराउँद छ। शब्द सित 1,500 भन्दा बढी रिपोर्टर, संवाददाता र स्ट्रिंगरहरूको एउटा बलियो नेटवर्क छ। शब्द सित व्यापक कवरेजका लागि चौबीसै घंटा काम गर्ने 60 समर्पित संपादन डेस्क उपलब्ध छन्। देश भरिका

समाचार पोर्टल शब्दको माध्यमले दूरदर्शन र आकाशवाणीको विश्वसनीय कोष सम्म पुग्न सकिन्छ। शब्दमा कृषि, प्रौद्योगिकी, विदेशी मामले र राजनीतिक घटनाक्रम जस्ता 50 भन्दा अधिक समाचार श्रेणिहरूलाई शामेल गरिएका एक हजार भन्दा बढी समाचार प्रतिदिन सबै प्रमुख भारतीय भाषाहरूमा अपलोड गरिन्छ।

**रात्रि आईपीएल क्रिकेट**

आज एलिमिनेटर राउण्डमा मुंबई इंडियंसको मुकाबिला गुजरात टाइटन्स सित हुने छ। आजको यस एलिमिनेटर म्याचको विजेता टीमले 1 जूनको दिन दोस्रो क्वालीफायरमा पंजाब किंग्ससित भिड्ने छ। दोस्रो क्वालीफायरमा विजेता टीमसित 3 जूनको दिन अहमदाबादको नरेंद्र मोदी स्टेडियममा रॉयल चैलेंजर्स बेंगलुरु सित फाइनल म्याच खेलिने छ।

**मौसम**

मौसम विभागले आज पश्चिम बंगाल, बिहार, ओडिशा, तमिलनाडु, पुडुचेरी, कराइकल, तटीय कोलकाता, केरला र माहेमा भारीदेखि धेरै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। आगामी सात दिनमा आसामए मेघालयए अरुणाचल प्रदेशए नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा पनि यस्तै मौसम रहने संभावना छ।

आज मेघालयका केही स्थानमा भारी वर्षा हुन सक्छ। मौसम विभागले आगामी दुई दिनमा केरला, माहे र कर्नाटकमा तेज हावासँगै हल्कादेखि मध्यम वर्षा हुने सम्भावना रहेको बताएको छ। अर्कोतर्फ, पश्चिमी राजस्थानका केही क्षेत्रमा भोलिसम्ममा गर्मीको लहर चल्ने अनुमान गरिएको छ।